**U.S. Department of Homeland Security**
U.S. Citizenship and Immigration Services
*Verification Division*
Washington, DC 20529

**U.S. Citizenship and Immigration Services**

# तथ्य तालिका

## ई–भेरिफाइमा अल्पकालीन गैर–प्रमाणीकरण समाधान गरेपछि तपाईंको अध्यागमन रेकर्ड कसरी सच्याउनु

ई–भेरिफाइ नियोक्ताहरूले भर्खरै भाडामा लिएका कर्मचारीहरुको रोजगार योग्यता पुष्टि गर्न प्रयोग गर्ने इन्टरनेट–आधारित प्रणाली हो। यसले एउटा कर्मचारी फारम **I-9**, रोजगार योग्यता प्रमाणिकरणका जानकारीसंग अमेरिकी मातृभूमि सुरक्षा विभाग र सामाजिक सुरक्षा प्रशासनको रेकर्ड डेटाको तुलना गर्छ। यदि जानकारी मिल्यो भने, कर्मचारी संयुक्त राज्य अमेरिकामा काम गर्न योग्य हुन्छ। यदि त्यहाँ कुनै बेमेल छ भने, ई–भेरिफाइले नियोक्तालाई सचेत गराउँछ र कर्मचारीले समस्याको हल गरेपछि मात्र काम गर्न अनुमति पाउनेछ।

तपाईंले ई–भेरिफाइबाट डीएचएस अल्पकालीन गैर–प्रमाणीकरण ( टीएनसी ) प्राप्त गर्नुभएको छ किनकि डीएचएस डेटाबेसमा भएको तपाईंको अध्यागमन रेकर्ड गलत हुन सक्छ। तपाईंको अध्यागमनका रेकर्डमा भएका गल्तीहरूलाई सुधार गर्नाले भविष्यमा डीएचएस टीएनसीहरूलाई रोक्न सक्छ। एकपल्ट तपाईंले प्राप्त गरेको डीएचएस टीएनसीको सफलतापूर्वक समाधान गर्नुभयो भने, तपाईंले आफ्नो अध्यागमन रेकर्ड सच्याउन थप कारबाही गर्न सक्नुहुनेछ।

आफ्नो अध्यागमन रेकर्ड सुधार्न निम्न विधिहरु मध्ये एउटा प्रयोग गर्नुहोस्:

**1. आफ्नो फारम I-551, न्यायसंगत स्थायी निवासी कार्ड वा फारम I-766, रोजगार प्राधिकरण कागजात सच्याउन अमेरिकी नागरिकता र अध्यागमन सेवा (USCIS)मा संपर्क गर्नुहोस्।**

तपाईंले एउटा व्यक्तिगत साक्षात्कारको लागि स्थानीय USCIS कार्यालयमा इन्फोपास वेब साइट, http://infopass.uscis.gov मा, वा राष्ट्रिय ग्राहक सेवा केन्द्र, 1–800–375–5283 मा कल गरेर नियुक्ति लिन सक्नुहुन्छ।

कृपया ध्यान दिनुहोस् कि नियुक्ति निर्धारण गरेर आफ्नो USCIS रेकर्ड सच्याउनु सबैभन्दा छिटो तरिका हो। तपाईंको अध्यागमन स्थितिलाई समर्थन दिने दस्तावेज ल्याउन नबिर्सिनुहोस्।

## 2. एउटा गोपनीयता ऐन संशोधन अनुरोध लिखित रूपमा पेस गर्नुहोस्।

तपाईंलाई आफ्नो रेकर्डमा सच्याउन आवश्यक पर्ने जानकारी थाहा छ भने, तपाईंले आफ्नो USCIS रेकर्ड सच्याउन निम्न ठेगानामा भएको सूचना स्वतन्त्रता ऐन / गोपनीयता ऐन (FOIA / PA)को कार्यालयमा अनुरोध गर्न सक्नुहुनेछः

Privacy Act Amendment
U.S. Citizenship and Immigration Services
National Records Center
FOIA/PA Office
P.O. Box 648010
Lee's Summit, MO 64064-8010

तपाईंले यदि उपलब्ध भएमा आफ्नो अनुरोधमा निम्न जानकारी समावेश गर्न सिफारिस गर्दछौंः

| | |
|---|---|
| • तपाईंले आफ्नो अनुरोध पेश गरेको कारण। उदाहरणका लागि, "म मेरो रेकर्ड सच्याउन यो गोपनीयता ऐन अनुरोध पेश गर्दैछु किनकि मैले ई–भेरिफाइ टीएनसी पाएको छु।" | • तपाईंको अध्यागमन वा नागरिकता कागजातको प्रतिलिपि |
| • सूचना गलत भएर | • कारण गलत भएर |
| • रेकर्डमा प्रस्तावित परिवर्तन (हरू) | • फाइल नम्बर र / वा पूरा नाम |
| • जन्म मिति र स्थान | • आवेदकको वकीलले प्रमाणित गरेको हस्ताक्षर |
| • फिर्ती ठेगाना | • रेकर्ड पत्ता लगाउन सहयोग गर्न सक्ने अन्य जानकारी |

यदि तपाईंलाई सुधार गर्न आवश्यक जानकारी थाहा छैन भने, तपाईँले फारम **G-639,** FOIA / PA अनुरोध पेश गरेर आफ्नो रेकर्ड प्राप्त गर्न एउटा लिखित अनुरोध प्रस्तुत गर्न सक्नुहुन्छ। यो फारम तपाईंको निकटतम USCIS कार्यालयमा उपलब्ध छ वा http://www.uscis.gov/files/form/g-639.pdf मा अनलाइन प्राप्त गर्न सकिन्छ। तपाईंले माथि निर्दिष्ट ठेगाना प्रयोग गर्न सक्नुहुन्छ, तर खाममा "गोपनीयता ऐन संशोधन।" नभएर "गोपनीयता ऐन अनुरोध" लेख्नुहोस्।

## 3. आफ्नो फारम I-94, आगमन–प्रस्थान रेकर्ड सच्याउन USCIS वा भन्सार र सीमा सुरक्षा (CBP) मा संपर्क गर्नुहोस्।

तपाईंको USCIS द्वारा जारी गरिएको फारम **I-94**मा त्रुटि छ भने, रेकर्ड सच्याउन USCISसंग माथि दिएको नम्बरमा सम्पर्क गर्नुहोस्।

तपाईं संयुक्त राज्य अमेरिका प्रवेश गर्दा तपाईंको फारम I-94मा त्रुटि भयो भने, तपाईं यसलाई सही गराउन एउटा स्थानीय CBP आस्थगित निरीक्षण साइट, एउटा पोर्ट प्रविष्टि, वा प्रवेश पोर्टमा जानु पर्छ। आस्थगित निरीक्षण साइटहरू वा पोर्टको सूचीको लागि, कृपया CBPको वेबसाइट (www.cbp.gov)मा जानुहोस् र पृष्ठको तल्लो छेउमा रहेको "पोर्ट" लिंकमा क्लिक गर्नुहोस्।

**4. आफ्नो अध्यागमन कागजातलाई कसरी नविकरण गर्नु वा बदलिनु भन्ने जानकारीको लागि USCIS को वेब साइटमा www.uscis.gov मा हेर्नुहोस् ।**

**5. विद्यार्थी र विनिमय आगन्तुक कार्यक्रम (SEVP)मा सम्पर्क गर्नुहोस् ।**

तपाईं विद्यार्थी वा विनिमय आगन्तुक हुनुहुन्छ भने, अध्यागमन र भन्सार प्रवर्तन (ICE) विद्यार्थी र विनिमय आगन्तुक कार्यक्रम (SEVP) को वेब साइट www.ice.gov/SEVIS मा हेर्नुहोस्, यो वेबसाइटमा विद्यार्थी र विनिमय आगन्तुकहरूको लागि रेकर्ड अद्यावधिक कसरी गर्ने भन्ने जानकारी दिइएको छ ।